नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण


# २०७७ मनसुनको पहिलो १५ दिने लेखाजोखा

१५ असार २०७७


नेपालमा सामान्यतया असारको पहिलो साताबाट मनसुन शुरु हुने गर्छ । गत वर्ष असार ५ बाट मनसुन शुरु भएको थियो । यस वर्ष गत वर्षको भन्दा एक साता अघिदेखि नै अर्थात ३० जेठबाट मनसुन शुरु भइसकेको छ । सबैतिर धान राप्ने काम भइरहेका छन् । नदी नालाहरुको सतह माथि आइसकेको छ । काठमाडौं उपत्यका सहितका विभिन्न शहरहरुका नदीहरुमा थुप्रीएको फोहोर मैला पानीले बगाएर लगेको छ ।

मनसुनमा बाढी र पहिरोका घटनाहरु नै बढी हुन्छन् । विगत १० वर्षको मनसुन शुरु भएपछिको पहिलो १५ दिनभित्र बाढी र पहिरोबाट भएका मानविय क्षतिलाई नियाल्दा ९७ जना पहिरो र ८४ जना बाढीबाट मृत्यु भएको छ । सवैभन्दा बढी मृत्यु २०७० सालमा भएको देखिन्छ । त्यतिवेला पहिरो भन्दा बाढीबाट धेरै मानिसको मृत्यु भएको थियो । त्यसपछि २०६९ र २०७२ सालमा बाढी भन्दा पहिरोबाट धेरै मानिसको मृत्यू भएको देखिन्छ । त्यस यताका चार वर्ष उस्तै उस्तै रहे । तर यस वर्ष मनसुनको पहिलो १५ दिनमा बाढीबाट भन्दा पनि पहिरोबाट धेरै मानिसको मृत्यु भएको छ ।


चित्र नं १: विगत १० वर्षमा मनसुनको पहिलो १५ दिनमा भएका वाढी र पहिरोका घटना




## चित्र नं २ः विगत १० वर्षको मनसुनको पहिलो १५ दिनमा भएका मानविय क्षति




## यस वर्षको मनसुन शुरु भएपछिको पहिलो १५ दिन (२०७७-०२-३० देखी २०७७-०३-१२ सम्म) बाढी तथा पहिरोका स्थानहरू



यस वर्ष मनसुन शुरु भए यताको १५ दिनमा सवैभन्दा धेरै १८ जना मानिसको पहिरोबाट मृत्यु भएको छ । यसै समयमा चटयाङ्गबाट १० जनाको मृत्यु भएको छ भने सर्पदंशबाट ३ जनाको गरि जम्मा ३१ जनाको मृत्यु भएको छ । अधिकांश मानिस घर बाहिर रुखमा ओत लागेका बेला र खेतबारीमा काम गरिरहेका बेला चटयाङ्गमा परेका छन् ।






यसैगरि मनसुन शुरु हुने वित्तिकै पर्वतको कुष्मा नगरपालिकामा पहिरो जाँदा ९ जनाले ज्यान गुमाउनु पर्‍यो । हरियो र बाक्लो बनको फेदमा रहेको बस्तीमा पहिरो गयो । करिव २ किलोमिटर लामो पहिरो गाउँको बीचबाट बग्यो । ४५ घरको बस्तीमा करिव ७ घर अहिले पनि पहिरोको जोखिममा छ । यसबारे विस्तृत यो लिंकमा हेर्न सक्नुहुन्छ: https://www.facebook.com/watch/?v=341002836886581










दुर्लुङ, कुष्मा नगरपालिका-३, पर्वतमा गएको पहिरो

यस्तै यही असार ८ गते पाल्पाको तानसेन नगरपालिका सम्मोबारीमा गएको पहिरोमा परेर ४ जनाको मृत्यु भयो । ४ वटा सवारी साधन पहिरोमा परेका थिए ।

## गत वर्ष र यस वर्षको मनसुन शुरु भएपछिको पहिलो १५ दिने समग्र विपद्को तुलनात्मक अवस्था

तालिका १: २०७७-०२-३० देखी २०७७-०३-१२ सम्म

| घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आंशिक | पूर्ण | | | |
| पहिरो, चट्याङ्ग, सर्पदंश, आगलागी, बाढी र अन्य... | १४३ | ३१ | ० | ४८ | १६८ | २५ | ३८ | ३४ | ५३ | १२६१३२२५० |

तालिका २: २०७६-०३-०५ देखी २०७६-०३-१९ सम्म

| घटना | घटना संख्या | मृत्यु | बेपत्ता | घाइते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आंशिक | पूर्ण | | | |
| चट्याङ्ग, भारी वर्षा, आगलागी, पहिरो, जनावर आतङ्क र अन्य... | १५९ | १४ | २ | ३८ | १८७ | १९ | ६६ | १३ | ३३७ | १३२६३१४०० |

- गत वर्षको भन्दा यस वर्षको पहिलो १५ दिनमा घटना संख्याका हिसावले कम विपद्का घटनाहरु घटेका छन्। तर मानविय क्षतिका हिसावले भने बढी छ ।
- घाइतेको संख्या पनि यस वर्ष गत वर्षको भन्दा बढी छ ।
- यसैगरि प्रभावित परिवार संख्या र पशु चौपायाको क्षति भने गत वर्षको भन्दा यस वर्ष कम छ ।
- भौतिक संरचनाको क्षतिमा भने यस वर्ष थोरै कम क्षति भएको देखिन्छ ।

## सम्बन्धित दस्तावेज तथा लिंकहरू

- मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना २०७७ भाग १ र भाग २ प्रकाशित गरिएको छ । विस्तृत यो लिंकमा हेर्न सक्नुहुन्छ :
  भाग-१: http://drrportal.gov.np/uploads/document/1629.pdf
  भाग-२: http://drrportal.gov.np/uploads/document/1630.pdf
- प्राधिकरणको विपद् सम्बन्धि दैनिक बुलेटिन यो लिंकमा हेर्न सक्नुहुन्छ:
  ट्विटर: https://twitter.com/NDRRMA_Nepal
  फेसबुक : https://www.facebook.com/NDRRMA/

इमेल: info@ndrrma.gov.np
वेब: www.ndrrma.gov.np
फोन नम्बर: ०१४२६४२७६
फ्याक्स नम्बर: ०१४२००१०३